# प्रेस विज्ञप्ति

## विश्व बैंक समूह र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक बैठकमा सहभागी हुन माननीय अर्थमन्त्री संयुक्त राज्य अमेरिका प्रस्थान

माननीय अर्थमन्त्री डा. युवराज खतिवडा यही असोज ३० देखि कार्तिक ३ (अक्टोवर १७ देखि २०) सम्म संयुक्त राज्य अमेरिकाको वासिङ्गटन डि.सी. मा आयोजना हुने विश्व बैंक समूह र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक बैठकमा सहभागी हुन आज संयुक्त राज्य अमेरिका प्रस्थान गर्नुभयो ।

विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष अन्तर्गत नेपाल दक्षिण पूर्व एशियाली मतदान समूहको सदस्य रहेको सन्दर्भमा सो समूहद्वारा आयोजना हुने संयुक्त बैठकमा अर्थमन्त्री डा. खतिवडा सहभागी हुनु हुने कार्यक्रम रहेको छ । उहाँले विश्व बैंक समूह तथा अन्तर्राष्ट्रिय मुद्रा कोषका वरिष्ठ अधिकारीहरुसँग द्विपक्षीय छलफल गर्नु हुनेछ । अर्थमन्त्री डा. खतिवडाले अन्तर्राष्ट्रिय विकास संस्थाबाट नेपालको नीतिगत सुधारको लागि प्राप्त हुदै आएको सहायतालाई थप प्रभावकारी बनाउने उपाय लगायत सहायताका थप क्षेत्र र सम्भावना बारे विस्तृत छलफल गर्नु हुनेछ ।

बैठकमा सहभागी हुने सिलसिलामा संघीयता कार्यान्वयनको क्रममा नेपालले हासिल गरेका अनुभवको आदान प्रदान गर्ने कार्यक्रममा अर्थमन्त्री डा. खतिवडा सहभागी हुनु हुनेछ । साथै विश्व बैंकको अन्तर्राष्ट्रिय विकास संस्थासँग नेपालको सहकार्य ५० वर्ष पुगेको अवसरमा आयोजना हुने कार्यक्रममा समेत सहभागी हुनु हुनेछ । नेपाललाई सहयोग गरिरहेका अन्य दातृ मुलुक तथा संस्थाका उच्च पदाधिकारीहरुसँग पनि उहाँले द्विपक्षीय भेट गर्नु हुनेछ ।

दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को अध्यक्षता हाल नेपालले गरिरहेको परिप्रेक्ष्यमा सार्कका अर्थमन्त्रीहरु सम्मिलित अनौपचारिक बैठकको अध्यक्षता समेत अर्थमन्त्री डा. खतिवडाले गर्नु हुने कार्यक्रम रहेको छ । भ्रमणका क्रममा अर्थमन्त्री डा. खतिवडाले एशियाली विकास बैंकका उपाध्यक्षसँग समेत आपसी सहयोगका विषयमा छलफल गर्नुहुनेछ । प्रतिनिधिमण्डलमा अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सह सचिव श्री श्रीकृष्ण नेपाल सहभागी हुनु हुनेछ ।

अर्थमन्त्री डा. खतिवडा कार्तिक ६ गते स्वदेश फर्कनु हुनेछ ।

**अर्थ मन्त्रालय**

**२०७६ असोज २८**